# दंगीशरण गाउँपालिका

☎ फोन नं. ९८४९७५६३०३

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल


## क्याटलग सपिङ्ग विधिबाट एम्वुलेन्स खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०१/२९

यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लागि आवश्यक एम्बुलेन्स (4 WD Ambulance “B” category 1 No) एकथान सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क ८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम ३१ ख बमोजिम क्याटलग सपिङ विधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले दश (१०) दिनभित्र नवीकरण भएको इजाजत पत्र, आयकर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रहरु र आ.ब. २०७८/०७९ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि समेत राखी उत्पादकको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) राखी सिलबन्दी प्रस्ताव यस कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन। प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने ब्यहोरासमेत सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

थप जानकारीका लागी www.dangisharanmun.gov.np हेर्ने हुन तथा गा.पा. कार्यालयको लेखा तथा जिन्सी शाखामा सम्पर्क राख्नहुन अनुरोध छ।

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत


ईमेल: ito.dangisharanmun@gmail.com / वेबसाईट : www.dangisharanmun.gov.np